# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, असार २८ गते २०५६ साल (अतिरिक्ताङ्क १६

## भाग ३

### निर्वाचन आयोगको सूचना

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको रिक्त स्थानहरूमध्ये नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिमका सदस्यको स्थान पूर्तिका लागि मिति २०५६।३।१३ मा सम्पन्न भएको निर्वाचनको सम्बन्धमा पर्न सक्ने उजुरी दर्ता गर्न पूर्वाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत धनकुटाका रजिष्ट्रार, मध्यमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, पाटनका रजिष्ट्रार, पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, पोखराका रजिष्ट्रार, मध्यपश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत, सुर्खेतका रजिष्ट्रार र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका लागि पुनरावेदन अदालत दिपायलका रजिष्ट्रारलाई तथा सोही धाराको उपधारा (१) को खण्ड (ख) बमोजिमका सदस्यको स्थान पूर्तिका लागि मिति २०५६।३।२६ मा सम्पन्न भएको निर्वाचनको सम्बन्धमा पर्न सक्ने उजुरी दर्ता गर्न पुनरावेदन अदालत, पाटनका रजिष्ट्रारलाई उजुरी दर्ता अधिकारी तोकेको छ।

आज्ञाले,
राममणि रिसाल
निर्वाचन आयोगको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।